कलैया उपमहानगरपालिकाद्वारा प्रकाशित

# कलैया राजपत्र

खण्ड १, संख्या:   मिति:२०८०।०४।०५

भाग-१

# आर्थिक सहायता,धर्म संस्कृति र दैवी प्रकोप बितरण सम्बन्धी ऐन-२०८०

कलैया उपमहानगरपालिका

कलैया, बारा

मधेश प्रदेश

नेपाल

हस्ताक्षरः..................

नाम, थरः बिनोद प्रसाद साह

पदः नगर प्रमुख

प्रमाणिकरण मितिः२०८०।०४।०५

पृष्ठ संख्याः ०५

# आर्थिक सहायता,धर्म संस्कृति र दैवी प्रकोप बितरण सम्बन्धी ऐन, - २०८०

लोककल्याणकारी राज्यको अवधारणा अनुसार आर्थिक रुपले विपन्न, निरपेक्ष, गरिबीको रेखामुनी रहेका दिर्घ रोगी, हिंसा पीडित तथा बेचविखनमा परेका महिला, बालवालिका, अति विपन्न, अति अशक्त अपांग र पूर्ण अशक्त अपांग र बेवास्तामा परेका ज्येष्ठ नागरिक, एकल महिलाको लागि आर्थिक सहायता र धर्म संस्कृतिको संरक्षण, सम्बर्द्धन र प्रवर्द्धन गर्नको लागी आर्थिक सहायता र धर्मसंस्कृति प्रवर्द्धन सम्बन्धी कानून बनाउन वाञ्छनिय भएकोले कलैया उपमहानगरपालिकाको नगर सभाले "आर्थिक सहायता र धर्म संस्कृति बितरण सम्बन्धी ऐन – २०८०" बनाएको छ ।

## परिच्छेद – १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ -

(क) यस ऐनको नाम – " कलैया उपमहानगरपालिका आर्थिक सहायता, धर्म संस्कृति र दैवी प्रकोप बितरण सम्बन्धी ऐन, २०८० " रहेको छ ।

(ख) यो ऐन स्थानीय राजपत्रमा प्रकासित भएको मिति देखि लागू हुनेछ ।

२. परिभाषा विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ लाई सम्झनु पर्दछ ।

(ख) "शिर्षक" भन्नाले कलैया उपमहानगरपालिकासँग आर्थिक सहायता र धर्मसंस्कृति शीर्षकमा रहेको रकमलाई सम्झनु पर्दछ ।

(ग) "नगरपालिका" भन्नाले कलैया उपमहानगरपालिकालाई सम्झनु पर्दछ ।

(घ) "सभा" भन्नाले कलैया उपमहानगरपालिकाको नगर सभालाई सम्झनु पर्दछ ।

(ङ) "कार्यपालिका" भन्नाले कलैया नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

(च) "आर्थिक सहायता पाउन योग्य व्यक्ति" भन्नाले निरपेक्ष गरिबीको रेखामुनी रहेको भनि प्रमाणित भएका, मुटु, मृगौला, फोक्सो, कलेजोजस्ता शरिरका महत्वपूर्ण अंगहरुका रोगी एवं क्यान्सर पीडित व्यक्तिहरु, घरेलु हिंसा, यौन हिंसाबाट आक्रान्त र पीडित एवं बेचविखनमा लगायत परेका

कलैया उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय प्रदेश नं. २, कलैया, बारा २०७३

बिनोद प्रसाद साह
नगर प्रमुख

व्यक्तिहरु, जोखिमपूर्ण श्रममा संलग्न भएको, हराएको वा बेवारिसे अवस्थामा फेला परेको, जबरजस्ती श्रमबाट पीडित भएको, शारिरीक वा मानसिक यातना वा भेदभाव जस्ता दुर्वयवहारबाट पीडित, दुर्घटनामा परेको, प्राकृतिक प्रकोपमा परेको, बाबु वा आमा कारागार वा हिरासतमा रहेको वा कुनै कसुरसँग सम्बन्धित रहेको कारणले बेवारिसे रहेको, यौन शोषणमा परेका व्यक्तिलाई सम्झनु पर्दछ ।

(छ) "प्रमुख" भन्नाले कलैया उपमहानगरपालिकाको प्रमुख वा उपमहानगरपालिका प्रमुखको कार्यगर्न जिम्मेवारी प्राप्त अधिकारीलाई सम्झनु पर्दछ ।

(ज) " उपप्रमुख " भन्नाले कलैया उपमहानगरपालिकाको उपप्रमुख पदमा निर्वाचित बहालवाला नगरपालिकाका उपप्रमुख वा नगरपालिको उपप्रमुखको कार्य गर्न जिम्मेवारी प्राप्त अधिकारीलाई सम्झनु पर्दछ ।

(झ) " कर्मचारी " भन्नाले कलैया उपमहानगरपालिकाको कार्यालयमा कार्यरत स्थायी र करार सेवामा कार्यरत कर्मचारी सम्झनु पर्दछ ।

(ञ) " प्रमुख प्रशासकीय अधिकृत " भन्नाले कलैया उपमहानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको रुपमा कामकाज गर्न तोकिएका अधिकारीलाई सम्झनु पर्दछ ।

(ट) " मन्त्रालय " भन्नाले स्थानीय तह हेर्ने नेपाल सरकार वा प्रदेश सरकारको मन्त्रालयलाई सम्झनु पर्दछ ।

(ठ) " गैर सरकारी संस्था " भन्नाले जिल्ला प्रशासन कार्यालय लगायत नेपाल सरकारको विभिन्न निकायमा विधिवत रुपले दर्ता भएका सामाजिक संस्थाहरुलाई सम्झनु पर्दछ ।

(ड) " आर्थिक बर्ष " भन्नाले श्रावण १ गतेबाट शुरु भइ आषाढ मसान्तमा समाप्त हुने अवधिलाई सम्झनु पर्दछ ।

(ढ) " तोकिएको वा तोकिए बमोजिम " भन्नाले यस ऐन अन्तर्गत वनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

(ण) " न्यायिक समिति " भन्नाले कलैया उपमहानगरपालिकाको न्यायिक समिति सम्झनु पर्दछ ।

(त) " धर्म संस्कृति " भन्नाले सबै धर्म र संस्कृतिको संरक्षण सम्वर्द्धन र प्रवर्द्धन कार्यको लागी गरीने कार्यलाई सम्झनु पर्दछ ।

(थ) " दैवी प्रकोप " भन्नाले भूकम्प, आगलगी,आँधीवेरी, बाढी पैहो, अतिवृष्ट, अनावृष्टि,अनिकाल,महामारी तथा यस्तै अन्य प्राकृतिक प्रकोपलाई सम्झनु पर्दछ र सो शव्दले औधोगिक दुर्घटना विष्फोटक वा विषाक्त पदार्थद्वारा हुने दुर्घटना तथा यस्तै अन्य कुनै पनि प्रकारको प्रकोपलाई समेत जनाउनेछ।

## परिच्छेद – २

### आर्थिक सहायता, धर्म संस्कृति र दैवी प्रकोप बितरण सम्वन्धि मापदण्ड

३. दिर्घ रोगी तथा क्यान्सर पीडितलाई सहायता –

कलैया उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय प्रदेश नं. २, कलैया, बारा २०७३

बिनोद प्रसाद साह
नगर प्रमुख

(१) आर्थिक सहायता पाउन योग्य दिर्घ रोगी (मृगौला, मुटु, फोक्सो, कलेजो, मस्तिष्क) तथा क्यान्सर पीडित व्यक्तिले आर्थिक सहायता प्राप्त गर्नको लागि आवश्यक कागजात सहित उपमहानगरपालिकामा निवेदन दिन सक्नेछन ।

स्पष्टिकरण "आवश्यक कागजात भन्नाले आर्थिक रुपले विपन्न भनि अधिकार प्राप्त सरकारी निकायबाट प्रमाणित कागजात, अस्पतालको रिपोर्ट" लगायतका कागजात बुझ्नु पर्दछ । .

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदनमाथि नगर प्रमुखज्यूको तोक आदेश बमोजिम कार्यपालिकामा आवश्यक छलफल गरी आर्थिक सहायता दिने निर्णय भएमा विरामीको अवस्था हेरी रू. पाँच हजारदेखि रू. तीस हजारसम्म आर्थिक सहायता दिई निःशुल्क उपचारको लागि समेत सिफारिस गर्न सकिनेछ ।

(३) उपदफा (१) र (२) बाहेकको अवस्थामा नगर प्रमुखज्यू, नगर उप-प्रमुखज्यू र प्रमुख प्रशासकीय अधिकृतज्यूले आवश्यक ठानेमा नगर प्रमुखज्यूको तोक आदेश बमोजिम अधिकतम रु. १००००/- (अक्षेरेपी रु. दश हजार मात्र ।) , नगर उप-प्रमुखज्यूको तोक आदेश बमोजिम अधिकतम रु. ५०००/- (अक्षरेपी रु. पाँच हजार मात्र ।) , र प्रमुख प्रशासकीय अधिकृतज्यूको तोक आदेश बमोजिम अधिकतम रु. ३०००/- (अक्षरेपी रु. तीन हजार मात्र ।) सम्म आर्थिक सहायता दिईनेछ ।

(४) उपदफा (१),(२) र (३) मा तोकिएको रकम भन्दा बढी दिनु पर्ने अवस्था भएमा कार्यपालिका बैठकको निर्णय बमोजिम हुनेछ ।

(५) उपदफा (१) बमोजिम वडा समितिको कार्यालयमा आर्थिक सहायताको लागि निवेदन आएमा वडा अध्यक्षले बढीमा एक पटकमा ३,०००।– (तीन हजार मात्र) सम्म आर्थिक सहयोग उपलब्ध गराउन सक्नेछ।यसरी आर्थिक सहायताको लागि एगटै व्यक्ति निवेदन दिएमा एक पटकमा ५,०००।–(तीन हजार मात्र) गर्ने गरी एउटै व्यक्तिलाई बर्षमा पटक पटक गरी १५,०००।–(दश हजार सम्म मात्र) आर्थिक सहयोग उपलब्ध गराउन सक्ने छन्।

४. हिंसा पीडित तथा बेचविखनमा परेकालाई सहायता –

(क) घरेलु हिंसा, यौन हिंसाबाट पीडित एवं. बेचविखनमा परेका महिलाहरुको तत्काल उद्धार गरी जीवनयापनको लागि कार्यपालिकाको निर्णयानुसार एक पटक आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।

(ख) पीडितलाई न्याय दिलाउन एवं. पुनसथापनको लागि न्यायिक समिति मार्फत आवश्यक पहल गरिनेछ ।

५. आर्थिक रुपले विपन्न र पीडित वालबालिकालाई सहायता –

(क) आर्थिक कारणले जोखिमपूर्ण श्रममा संलग्न भएको, हराएको वा बेवारिसे अवस्थामा फेला परेको, ऋणको कारणले बन्धकमा परेको वा जवरजस्ती श्रमबाट पीडित भएको, शारिरीक वा मानसिक यातना वा भेदभावजस्ता दुव्र्यवहारबाट पीडित, दूर्घटनामा परेको, प्राकृतिक प्रकोपमा परेको, बाबु

बिनोद प्रसाद शाह
नगर प्रमुख

CamScanner

वा आमा कारागार वा हिरासतमा रहेको वा कुनै कसुरसँग सम्बन्धित रहेको कारणले बेवारिसे रहेको, यौन शोषण, यौन दुव्र्यवहार, बेचविखन वा ओसारपसारमा परेको, हिंसा पीडित, बाबु, आमा वा संरक्षकबाट वञ्चित, अपांगता भएको, सुस्तमनस्थिति भएको, अपहरण वा शरिर बन्धकमा परेको, सडक बालबालिका, एच.आई.भी. एड्सबाट संक्रमित बालबालिका भएमा तत्काल उद्धार गरी पालनपोषणको लागि कार्यपालिकाको निर्णय अनुसार आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।

(ख) दफा (क) मा उल्लेखित बालबालिकाको शिक्षा तथा पालनपोषणको लागि बाल उद्धार गृहको स्थापना गरी संचालन गर्न सकिनेछ । बाल उद्धार गृह स्थापना नहुञ्जेलसम्मको लागि सामुदायिक वा संस्थागत विद्यालयसँग समन्वय गरी छात्रवृत्ति मार्फत शिक्षा तथा पालनपोषणको व्यवस्था गर्न सकिनेछ ।

६. आर्थिक रुपले विपन्न गर्भवती महिला तथा सुत्केरी आमाहरुलाई सहायता –

(क) आर्थिक रुपले विपन्न तीन महिनासम्म पनि खान नपुग्ने भनि प्रमाणित परिवारका गर्भवती महिला एवं. सुत्केरी आमाको पालनपोषणको लागि बढिमा दुई पटक गर्भवती हुँदा वा सुत्केरी हुँदा रु. ५,००० देखी रु.१०,००० सम्म नगर प्रमुखज्यू वा नगर उप- प्रमुखज्यूको तोक आदेश बमोजिम आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ । तर दुई पटकभन्दा बढि गर्भवति हुँदा वा सुत्केरी हुँदा उक्त सहायता उपलब्ध गराईने छैन ।

(ख) दफा (क) बमोजिम सहायता पाउन गर्भवति महिला वा सुत्केरी आमाले आफैं वा पति वा परिवारको कुनै सदस्य मार्फत तोकिएका कागजात सहित उपमहानगरपालिकामा नगर प्रमुख वा नगर उप - प्रमुख समक्ष निवेदन दिन सक्नेछन् ।

(ग) आर्थिक रुपले विपन्न तीन महिनासम्म पनि खान नपुग्ने भनि प्रमाणित परिवारका गर्भवती महिला एवं. सुत्केरी आमाको पालनपोषणको लागि बढिमा तीन हजार सम्म वडा अध्यक्षले आर्थिक सहायता उपलब्ध गराउन सक्नेछ।

७. बेवास्तामा परेका ज्येष्ठ नागरिकलाई सहायता –

दलित ज्येष्ठ नागरिकको हकमा ६० वर्ष उमेर पुगेका र अन्यको हकमा ७० वर्ष उमेर पुगेका परिवारका सदस्यले बेवास्ता गरेका विपन्न, रोगी एवं अशक्त ज्येष्ठ नागरिकले आर्थिक सहायताको लागि उपमहानगरपालिकामा निवेदन पेश गरेमा र निवेदन मुनासिब भएमा कार्यपालिको निर्णय बमोजिम आर्थिक सहायता दिई पुर्नस्थापनाको लागि आवश्यक पहल गर्न सकिनेछ ।

८. अति अशक्त अपांग र पूर्ण अशक्त अपांगलाई सहायता –

(क) आर्थिक रुपले विपन्न अति अशक्त अपांग र पूर्ण अशक्त अपांगको अपाङ्गता परीचय पत्र अनुसार कार्यपालिकाको निर्णय बमोजिम पालन पोषणको लागिएक पटक आर्थिक सहायता दिन सकिनेछ ।

बिनोद प्रसाद साह
नगर प्रमुख

CamScanner

(ख) उप खण्ड (क) बमोजिम आर्थिक सहायता प्राप्त गर्न आर्थिक रुपले विपन्न भनि प्रमाणित कागजात, महिला तथा बालबालिका महाशाखाबाट प्राप्त अति अशक्त र पूर्ण अशक्त अपांगको परिचयपत्र सहित नगर प्रमुख वा नगर उप प्रमुख समक्ष निवेदन पेश गर्न सकिनेछ ।

९. धर्मिक संस्कृतिक कार्यको लागी सहायता –

(क) धर्म संस्कृति प्रवद्र्धन गर्न नगर प्रमुखज्यूको तोक आदेश बमोजिम बढीमा रु. १५०००/- (पन्ध्र हजार मात्र ) धर्म संस्कृति प्रवद्र्धन गर्न कागजात सहित उपमहानगरपालिकामा नगर प्रमुख वा नगर उप प्रमुख समक्ष निवेदन दिन सक्नेछन् ।

(ख) वडा स्तरीय धर्म संस्कृति प्रवद्र्धन गर्नको लागी प्रत्येक बर्ष नगर कार्यपालिकाको निर्णय बमोजिम रकम दिन सक्नेछ ।

(ग) वडा स्तरीय धर्म संस्कृति प्रवर्द्धन कार्यको लागी वडा स्तरीय योजनाबाट सम्बन्धीत वडाले आवशयक ठानेमा अधिकतम रु. ५०,००० सम्म बजेट बिनियोजन गर्न सक्नेछ ।

१०. दैवी प्रकोप कार्यको लागी सहायता –

(क) दैवी प्रकोपको लागी सहायता गर्न नगर प्रमुखज्यूको तोक आदेश बमोजिम बढीमा रु. १५,०००/- (पन्ध्र हजार मात्र ) र नगर उप-प्रमुखज्यूको तोक आदेशमा बढीमा रु. १०,०००/- दैवी प्रकोप सम्बन्धी कागजात सहित उपमहानगरपालिकामा नगर प्रमुख वा नगर उप प्रमुख समक्ष निवेदन दिन सक्नेछन् ।

(ख) वडा स्तरीय दैवी प्रकोप कार्यको लागी वडा स्तरीय योजनाबाट सम्बन्धीत वडाले आवश्यक ठानेमा अधिकतम रु. तीन हजार सम्म वडाको उपलब्ध गर्न सक्नेछ ।

(ग) दफा (क) र (ख) मा तोकिएको रकम भन्दा बढी रकम दिनु पर्ने अवस्था भएमा कार्यपालिका बैठकको निर्णय बमोजिम हुनेछ ।

## परिच्छेद – ३

### खारेजी र बचाउ

११. आर्थिक सहायता र धर्म संस्कृति वितरण सम्बन्धी ऐन, - २०७८ र दैवी प्रकोप .............. लाई खारेज गरीएको छ । साथै उक्त कानून बमोजिम भए बमोजिम भए गरेका कार्यहरुलाइ यसै कानून बमोजिम भए गरेको मानिनेछ ।

हस्ताक्षर:..........................

नाम, थर: बिनोद प्रसाद साह

पद: नगर प्रमुख

प्रमाणिकरण मिति:२०८०।०४।०५

पृष्ठ संख्या: ०५

बिनोद प्रसाद साह
नगर प्रमुख